संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ३०

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल असार ५ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा बिहान ११:०५ बजे प्रारम्भ भयो ।

बैठक प्रारम्भ हुनासाथ आकस्मिक समय लिएर माननीय श्री बसन्त कुमार नेम्वाङ्गले केही दिनदेखि पूर्वी पहाडी जिल्लाहरु संखुवासभा, ताप्लेजुङ र पाँचथर आदिमा अविरल वर्षाका कारण आएको बाढीले ठूलो धनजनको क्षती भएको, ३४ घर क्षतिग्रस्त भएको, निजी क्षेत्रको लगानीमा सञ्चालित ६ वटा हाइड्रो पावरमा क्षति भएको, हेवा खोलाको विभिन्न स्थानमा भत्किएको पुलहरुमा बेलीब्रिज राख्ने कामलाई शिघ्रता दिनुपर्ने लगायतका विषयमा आफ्नो भनाई राख्नुभयो ।

त्यसपछि प्रारम्भ भएको शून्य समयमा निम्नलिखित माननीय सदस्यहरूले समसामयिक विषयहरूमा आ-आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री विजुला रायमाझी
२. मा० श्री विद्या भट्टराई
३. मा० श्री विना लामा
४. मा० श्री विनिता कुमारी सिंह
५. मा० श्री वीना जैसवाल
६. मा० श्री शान्ती वि.क.
७. मा० श्री शान्ती श्रेष्ठ
८. मा० श्री शिव नेपाली
९. मा० श्री शेर बहादुर कुँवर
१०. मा० श्री सन्तोष परियार
११. मा० श्री सम्झना थपलिया
१२. मा० श्री सरस्वती बजिमय
१३. मा० श्री सराज अहमद फारुकी
१४. मा० श्री सरिता भुसाल
१५. मा० श्री सान्ती चौधरी
१६. मा० श्री सिता कुमारी राना
१७. मा० श्री सिता मिजार
१८. मा० श्री सुनिता बराल
१९. मा० श्री सुमना श्रेष्ठ
२०. मा० श्री सुशीला श्रेष्ठ
२१. मा० श्री सूर्य कुमारी श्रेष्ठ
२२. मा० श्री सूर्य प्रसाद ढकाल
२३. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
२४. मा० श्री सूर्यमान तामाङ (दोङ)
२५. मा० श्री सोबिता गौतम
२६. मा० श्री संजय कुमार गौतम
२७. मा० श्री हर्क माया विश्वकर्मा
२८. मा० श्री हितराज पाण्डे
२९. मा० श्री हरि ढकाल
३०. मा० श्री हेमराज राई
३१. मा० श्री ज्ञानु बस्नते सुवेदी
३२. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की

तत्पश्चात् माननीय उपप्रधान तथा गृह मन्त्री श्री नारायणकाजी श्रेष्ठले आकस्मिक, शून्य र अन्य समयमा सदनमा उठेका प्रश्नहरुको जवाफ दिनुहुँदै केही दिनदेखि पूर्वी पहाडी जिल्लामा परेको अविरल वर्षाका कारण आएको बाढी पहिरोबाट त्यस क्षेत्रमा भएको जनधनको क्षति र सरकारबाट भैरहेको राहत तथा उद्धार कार्यको सम्बन्धमा जानकारी गराउनु भयो ।

तदुपरान्त माननीय उपप्रधान तथा गृह मन्त्रीको जवाफमा आफुले सदनमा उठाएका विषयहरु नआएको भन्नुहुँदै केही माननीय सदस्यहरुले आपत्ति जनाउनु भएपछि सम्माननीय सभामुखले माननीय उपप्रधान तथा गृह मन्त्रीले नियमावलीको नियम १५ बमोजिम आकस्मिक, शून्य र विशेष समयमा उठेका प्रश्नहरुको जवाफ दिनु भएकोले यसमा स्पष्टिकरणको व्यवस्था नरहेको र माननीय सदस्यहरुले उठाउनु भएको र छुटेका विषयहरुका सम्बन्धमा सदनको ध्यानाकर्षण भैसकेकोले आगामी दिनमा उक्त विषयका सम्बन्धमा माननीय मन्त्रीले जानकारी गराउनु हुने व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि सम्माननीय सभामुखले प्रनिनिधि सभा नियमावली, २०७९ को परिच्छेद-९ बमोजिमको प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर सम्बन्धी कार्यक्रम २०८० असार ८ गतेको बैठकमा हुने र सो कार्यक्रमको लागि सम्पूर्ण सदस्य संख्यालाई वर्णानुक्रमानुसार हरेक समूहमा १५ जना सदस्य (सभामुख, मन्त्री तथा उपसभामुख बाहेक)

रहने गरी जम्मा १७ समूहमा विभाजन गरिएको व्यहोरा जानकारी गराउनु हुँदै नियमानुसार प्रत्येक महिना प्रधानमन्त्रीसँग हुने प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रममा यसरी विभाजन गरिएको समूहमा रहेका मा० सदस्यहरुले क्रमशः प्रश्न सोध्न सक्नुहुने र समूह १ मा रहेका माननीय सदस्यहरुले यस महिना प्रश्न सोध्नका लागि नियमावलीको नियम ५८ बमोजिम आजै दिनको ५ बजेभित्र प्रतिनिधि सभाको सचिव समक्ष आफ्नो प्रश्न लिखित रुपमा दिनसक्नुहुने व्यहोरा समेत जानकारी गराउनु भयो ।

तत्पश्चात् सम्माननीय सभामुखले विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकहरुमाथिको जारी छलफलमा शहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय, अर्थ मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १४६ को उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम ७ जना माननीय सदस्यहरुबाट खर्च कटौतीको प्रस्तावहरु प्राप्त भएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि माननीय श्री सूर्य बहादुर थापा क्षेत्रीले नियमापत्ति गर्नुहुँदै सभाले सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको वार्षिक विकास कार्यक्रम पुस्तिकामा प्रदेशको नाम सच्याएर वितरण गर्ने प्रतिवद्धता गरेपनि वितरण भएको पुस्तिकामा प्रदेशको नाम नै नराखिएकोले पुनः फिर्ता पठाएर प्रदेशको नाम सहित वितरण गर्नुपर्ने र आजै छलफलमा रहेको शहरी विकास मन्त्रालयको वार्षिक विकास कार्यक्रम पुस्तिकामा समेत लुम्बिनी प्रदेशको नामको सट्टा कार्यक्रम शीर्षकमा प्रदेश नं. ५ लेखी आएकोले आजको कार्यसूचीबाट उक्त मन्त्रालयको कार्यक्रम हटाईयोस् भन्नुभयो ।

तदुपरान्त सम्माननीय सभामुखले सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको विषय आजको कार्यसूचीमा नभएकोले ध्यानाकर्षण भएको जानकारी गराउँदै माननीय सदस्यले उठाउनु भएको विषयका सम्बन्धमा माननीय शहरी विकास मन्त्रालय मन्त्री श्री सीता गुरुङ्गलाई बोल्न समय दिनुहुँदा उहाँले मन्त्रालयबाट उपलब्ध गराइएको पुस्तिकामा माननीय सदस्यले भन्नुभएको जस्तो त्रुटि भए सच्याइने जानकारी गराउँदै आजको कार्यसूची माथिको छलफल अगाडि बढाउनका लागि अनुरोध गर्नुहुँदा माननीय सूर्य बहादुर थापा क्षेत्रीले नामाकरण भइसकेको लुम्बिनी प्रदेशको नाम समावेश गरिएको पुस्तक वितरण नभएसम्म छलफल अगाडी बढाउन मिल्दैन भन्नुभयो ।

त्यसपछि सम्माननिय सभामुखले विनियोजन विधेयकको विभिन्न शीर्षकहरुमाथिको छलफललाई निश्चित समयभित्र सक्नुपर्ने बाध्यता रहेको र माननीय शहरी विकास मन्त्रीले त्रुटि हेरेर सच्याउने जानकारी गराइसक्नु भएकोले छलफललाई अगाडि बढाउन माननीय सदस्यहरुलाई अनुरोध गर्नुभएपछि माननीय श्री छविलाल विश्वकर्माले सच्याइएर पुनः वितरण गरेको भनिएको पुस्तक समेत त्रुटिपुर्ण भएकोले सच्याउने शर्तमा शहरी विकास मन्त्रालयको छलफल अगाडी बढाउने सकिदैन भन्नुभयो ।

तदुपरान्त माननीय रमेश लेखकले सम्माननीय सभामुखबाट माननीय शहरी विकास मन्त्रीले त्रुटि हेरेर सच्याएर ल्याउनु हुने शर्तमा छलफल अगाडी बढाउन आग्रह गरिसक्नु भएको र सभामुखको आग्रह निर्देश सरह हुने भएकोले यसमा असहमति व्यक्त गर्ने विषयमा विचार गर्नुहुन आग्रह गर्नुभएपछि माननीय श्री रघुजी पन्तले सभामुखबाट भएको निर्देशमा एकरुपता राख्न पनि अघिल्लो बैठकमा सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको पुस्तिकामा प्रदेशको नाम सच्याउन निर्देश भइसकेकोले शहरी विकास मन्त्रालयको पुस्तिकामा पनि नाम सच्याउन निर्देश नभएसम्म छलफल अगाडी बढाउन सकिदैन भन्नुभएपछि सम्माननीय सभामुखले १५ मिनेटपछि बस्ने गरी बैठक स्थगित गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको १५ मिनेटपछि बजे बस्ने गरी दिनको १२:२० बजे बैठक स्थगित भयो ।

प्रतिनिधि सभाको १५ मिनेटको लागि स्थगित भएको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको २:२५ बजे प्रारम्भ भयो ।

सर्वप्रथम सम्माननीय सभामुखले हामी विनियोजन विधेयक अन्तर्गत विभिन्न मन्त्रालयगत छलफलमा छौं । सम्बन्धित मन्त्रालयहरुबाट वार्षिक रुपमा सम्पादन हुने कार्यक्रम समावेश पुस्तिकामा उल्लेखित केही विषयहरु, खास गरी प्रदेश सभाबाट पारित प्रदेशको नाम उल्लेख हुनुपर्नेमा सो नभएको विषयमा ध्यानाकर्षण सहित सच्याउनका लागि यस अघि निर्देशन भइसकेको छ । साथै त्यस्ता कुनै त्रुटिहरु भएका भए तत्काल सच्याउन पुनः निर्देशन गर्दछु भन्नुहुँदै सभाको आजको कार्यसूचीमा रहेको सहरी विकास मन्त्रालय अन्तर्गत वार्षिक रुपमा सम्पादन हुने कार्यक्रमको शीर्षकहरुमा प्रदेशको नाम हुनुपर्नेमा अंक उल्लेख भएको र यस विषयमा माननीय सदस्यहरुले प्रश्न उठाइसके पश्चात् माननीय मन्त्रीले सदनलाई जानकारी गराउँदै सच्याउने समेत प्रतिवद्धता व्यक्त गरिसक्नुभएकाले अंकको सट्टा प्रदेशको नाम राखी आवश्यकता अनुसार सुधार गर्न म सम्बन्धित मन्त्रालयलाई निर्देशन दिनुभयो ।

तत्पश्चात् विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकहरुमाथिको जारी छलफलमा शहरी विकास मन्त्रालय, खानेपानी मन्त्रालय, अर्थ मन्त्रालय र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय सम्बन्धी विनियोजन शिर्षकहरुमाथि प्रतिनिधि सभा नियमावली, २०७९ को नियम १४६ को उपनियम (१) को खण्ड (क) र (ख) बमोजिम निम्नलिखित माननीय सदस्यहरुले खर्च कटौतीको प्रस्तावहरु प्रस्तुत गर्दै छलफलमा भाग लिनुभयो :-

१. मा० श्री गोकुल प्रसाद बाँस्कोटा
२. मा० श्री प्रेम सुवाल
३. मा० श्री ठाकुर प्रसाद गैरे
४. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
५. मा० श्री प्रभु साह
६. मा० श्री जुली कुमारी महतो (महासेठ)
७. मा० डा० स्वर्णीम वाग्ले

तत्पश्चात् उल्लिखित मन्त्रालयहरु सम्बन्धी विनियोजन शीर्षकहरुमाथिको छलफलमा निम्नलिखित माननीय सदस्यहरुले भाग लिनुभयो :-

१. मा० श्री ज्ञानेन्द्र बहादुर कार्की
२. मा० श्री छविलाल विश्वकर्मा
३. मा० श्री हित बहादुर तमाङ
४. मा० श्री निशा डाँगी
५. मा० श्री दिपक बहादुर सिंह
६. मा० श्री रन्जुकुमारी झा
७. मा० श्री मेटमणि चौधरी
८. मा० श्री अनिता देवी
९. मा० श्री राम प्रकाश चौधरी
१०. मा० श्री लालविर चौधरी
११. मा० डा० अमरेश कुमार सिंह
१२. मा० श्री योगेन्द्र मण्डल
१३. मा० श्री अर्जुन नरसिंह के.सी.
१४. मा० श्री बिजुला रायमाझी
१५. मा० श्री लेखनाथ दाहाल
१६. मा० श्री रामहरि खतिवडा
१७. मा० श्री राजेन्द्र कुमार राई
१८. मा० श्री नारायणी शर्मा
१९. मा० श्री राम नाथ अधिकारी
२०. मा० श्री तारा लामा तामाङ
२१. मा० श्री रणेन्द्र बराली
२२. मा० श्री सीता कुमारी राना
२३. मा० श्री बलराम अधिकारी
२४. मा० श्री राम कृष्ण यादव
२५. मा० श्री राजकुमार गुप्ता

यसैबीच माननीय श्री रामप्रकाश चौधरीले छलफलमा भाग लिइसकेपछि सम्माननीय सभामुखले जनप्रतिनिधिको थलो प्रतिनिधि सभामा मर्यादित र अनुशासित भएर बसिदिनुहुन माननीय सदस्यहरुलाई ध्यानाकर्षण गराउनु भयो ।

त्यसपछि माननीय श्री राजकुमार गुप्ताले छलफलमा भाग लिइसकेपछि सुदुरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री पृथ्वीबहादुर सिंहको सवारी दुर्घटनामा परी असामयिक मृत्यु भएको जानकारी प्राप्त भएकोले यस दुखद घडीको संवेदनशीलतालाई महशुस गर्दै सम्माननीय सभामुखले बैठक स्थगित गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल असार ६ गते बुधबार बिहान ११:०० बजे बस्ने गरी बैठक बेलुका ८:०५ बजे बैठक स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव